सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सुचनाको हक
सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८२ माघ देखि २०८२ चैत्र मसान्तसम्म सम्पादित कार्यक्रमको विवरण




# स्वास्थ्य कार्यालय

# प्यूठान

सुचना सार्वजनिक गर्ने कार्यालयः स्वास्थ्य कार्यालय प्यूठान ।

सुचना सार्वजनिक गरिएको अवधिः २०८२ कार्तिक १ देखि २०८२ पौष मसान्त सम्म ।

## कार्यालयको स्वरुप र प्रकृती

लुम्विनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय अन्तर्गत स्वास्थ्य कार्यालय प्यूठान रहेको छ । हालको संघिय संरचना अनुसार स्वास्थ्य कार्यालय प्यूठान विजुवारमा रहेको छ ।

## प्यूठान जिल्लाको परिचयः

लुम्बिनी प्रदेश  अन्तर्गत रहेका पहाडी जिल्ला मध्ये प्यूठान एक हो । यस जिल्लाको दक्षिण भाग चौडा र पूर्वी तथा पश्चिमी भागबाट सागुरिदै गएर उत्तर तर्फ झन साघुरिएको छ । यस जिल्लाको पूर्वमा अर्घाखाँची र गुल्मी,पश्चिममा रोल्पा र दाङ,उत्तरमा बाग्लुङ र रोल्पा तथा दक्षिणमा अर्घाखाँची र दाङ जिल्ला पर्दछन् ।

प्यूठान जिल्ला एक पहाडी जिल्ला तथा भौगोलिक संरचना विषम खालको भएकोले यहाँको हावापानि पनि भिन्दा भिन्दै खालको छ । तराईको हावापानी सँग मिल्ने खालको बांगेसाल  साविकको गा.वि.स. देखि लिएर उच्च पहाडी भेग सँग मिल्ने हावापानी भएको स्याउलीवाङ साविकको गा.वि.स. पनि यसै जिल्लामा पर्दछन् ।

यस जिल्लाको मध्य भागबाट बहने दुई ठुला नदीहरु झिम्रुक र माडी नदीहरु मध्ये माडी नदी गहिरेर गएको कारण यस नदीको योगदान प्यूठानी कृषकहरु माझ खासै देखिदैन भने झिम्रुक नदीले आफ्नो दुवै किनार तर्फ समथर मलिला फाँटहरु निर्माण गर्दै ति फाँटहरुलाई सिंचाई दिदै उत्पादनमा ठुलो टेवा पुर्याएकोले प्यूठानी कृषकहरु माझ यो नदी वरदान सावित भएको छ ।त्यसैले झिमरुक नदीलाइ धर्मावती नदी पनि भनिन्छ । दुवै किनार तर्फका समथर मलिला फाँटहरुले तराइलाइ नै बिर्साएको छ । त्यति मात्र नभएर १२ मेघावाट विद्युत पनि यहि नदीबाट उत्पादन भएको छ


| सदरमुकाम | : खलंगा |
|---|---|
| सदरमुकाम उचाई | : १२८० मी. |
| नगरपालिका | : २ |
| गाउँपालिका | : ७ |
| जिल्लाको कुल क्षेत्रफल | : १३०९ बर्ग कि.मि |
| देशान्तर | : ८२°३०’ देखि ८३° पूर्वी देशान्तर |
| अक्षाशं | : २७°५५’ देखि २८°२५’ उत्तरी अक्षाशं |

| सिमाना | |
|---|---|
| पूर्व | : गुल्मी र अर्घाखाची |
| पश्चिम | : दाङ र रोल्पा |
| उत्तर | : बाग्लुङ र रोल्पा |
| दक्षिण | : दाङ र अर्घाखाची |

| उचाई समुन्द्र सतह देखि | |
|---|---|
| अधिकतम | :३६५९ मी. |
| न्यूनतम | :३०५ मी. |
| हावापानी | :उष्ण, समशितोष्ण र शित |
| बार्षिक बर्षा दर | :१३०० मी.मी. |

| तापक्रम | |
|---|---|
| अधिकतम | :३३.५ डिग्री सेल्सियस |
| न्यूनतम | :११.८ डिग्रीसेल्सियस |
| लम्बाई | :४४ किमी |
| उचाई | :२९.७७ किमी |

जिल्लाको राजनीतिक नक्सा




जिल्लाको सामाजिक नक्सा




प्रस्तुत नक्सामा यस जिल्लामा रहेका स्थानीय तहहरु तथा सो अन्तर्गतका सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र , स्वास्थ्य चौकीहरु, सामुदायिक ईकाई, बर्थिङ सेन्टर र सुरक्षित गर्भपतन साईट आदि लाई दर्शाइएको छ

## कार्यालयको परिचय

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरीकको मौलिक हकको रुपमा स्थापित गरेको छ । देश संघीय शासन प्रणालीमा गई सकेकोले संघीय संरचनाको वस्तुगत धरातलमा आधारित रही गुणस्तरीय स्वास्थ्य सेवालाई सबै नागरीकको सर्वसुलभ पहुँचमा पुर्याउनु राज्यको दायित्व हो । साविकमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग मातहत रहने गरी जिल्लाको समग्र स्वास्थ्य सेवाको नेतृत्व निकायको रुपमा रहेको जिल्ला जनस्वास्थ्य कार्यालय, प्यूठान राज्यको पुनः संरचनामा (संघीय संरचना अनुसार) तीन तहको सरकार (संघ, प्रदेश र स्थानीय तह) को व्यवस्था हुँदा ५ नं. प्रदेश सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय मातहत रहने गरी मिति २०७६।०८।०२ गते स्वास्थ्य कार्यालय प्यूठानको रुपमा सञ्चालनमा आई जिल्लामा तोकिए बमोजिम स्वास्थ्य क्षेत्रको कार्य सञ्चालन तथा नेतृत्व गर्दै आई रहेको छ । हाल लुम्बिनी प्रदेश सरकार अन्तरगत स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय मातहत रहेको छ । स्वास्थ्य कार्यालयले नेपालको संविधान २०७२ बमोजिम आधारभूत स्वास्थ्य क्षेत्रको पहुँच वृद्धि गरी न्यासँगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि गरिने क्रियाकलापहरु संचालन, व्यवस्थापन, समन्वय, योजना तर्जुमा, अनुगमन गर्ने निकायको रुपमा रहेको प्रदेश मातहतको निकाय हो ।

स्वास्थ्य प्रणालीलाई सुदृढ गर्न संघीय संरचनाको ढाँचा अनुसार हाल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केन्द्रमा, प्रदेश सरकार मातहत रहेको स्वास्थ्य मन्त्रालयले प्रदेश स्तरमा र स्वास्थ्य शाखाले स्थानीय तहमा स्वास्थ्य सम्वन्धि कार्यको भूमिका निर्वाह गरीरहेको छ। स्वास्थ्य मन्त्रालय अन्तर्गत रहेको स्वास्थ्य निर्देशनालय मातहतमा स्वास्थ्य कार्यालयले स्थानीय संस्थाहरुलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न सहजीकरण गरीरहेको छ। लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालय मातहतमा प्रदेशभर १२ वटा जिल्लामा रहेका जिल्लास्तरीय कार्यालयहरुमध्ये एक यस कार्यालयको कार्यक्षेत्र रहेको प्यूठान जिल्लामा ९ वटा स्थानीय तहमा ९ वटा स्वास्थ्य शाखाहरुले स्थानीय स्तरमा स्वास्थ्य सेवा प्रदान गरीरहेका छन् । ति ९ वटा स्थानीय तहहरुमा गौमुखी गाउँपालिका, नौबहिनी गाउँपालिका, झिमरुक गाउँपालिका, प्यूठान नगरपालिका, स्वर्गद्धारी नगरपालिका, माण्डवी गाउँपालिका, मल्लरानी गाउँपालिका, ऐरावती गाउँपालिका र सरुमारानी गाउँपालिका पर्दछन् ।

## स्वास्थ्य कार्यालयका काम, कर्तव्य र अधिकार

- जिल्लामा स्थानीय तहहरु मार्फत आधारभुत स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्ने ।
- स्वास्थ्य सस्थाहरुको अनुगमन सुपरीवेक्षण तथा मुल्याङ्कन गर्ने र आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्ने ।
- जिल्लामा रहेका स्वास्थ्य संस्थाहरूका लागि जनशक्तिको आवश्यकता निर्धारण गर्ने ।
- जिल्लामा विभिन्न स्वास्थ्य संस्थानहरूमा औषधी, उपकरण र अन्य सामग्री आपूर्ति सुनिश्चित गर्ने ।
- जिल्लामा स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीता कार्यान्वयन सुनिश्चित गर्ने ।
- विभिन्न तहमा जिल्लामा प्राकृतिक प्रकोप र महामारी उत्पन्न हुने समस्या तत्काल समाधान, अनुसन्धान र व्यवस्थापन गर्ने ।
- जिल्लामा स्वास्थ्य सेवा प्रभावकारी बनाउनका लागि अन्य संस्थाहरुसँग साझेदार र समन्वय सुदृढ गर्ने ।
- स्वास्थ्य सेवासँग सम्बन्धित सम्पुर्ण तथ्यलाई व्यवस्थित गर्ने र आवश्यकता अनुसार प्रकाशित गर्ने ।

- जिल्लामा स्वास्थ्य सेवा संचालनका लागि समस्याहरुको पहिचान गर्ने र समाधानका उपायहरु खोज गर्ने ।
- सबै स्वास्थ्य संस्थामा सुपरीवेक्षण / निगरानी ।

कर्मचारीहरुको विवरण

कुल १३ जना कर्मचारीको दरबन्दी रहेकोमा जनस्वास्थ्य अधिकृत १ जना प्रशान १ र तथ्याङ्क सहायक १ जना गरि जम्मा ३ जना दरबन्दी रिक्त रहेको छ । यस कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण यसप्रकार रहेको छ।

| सिनं | नाम थर | पद | सम्पर्क नम्बर | इमेल ठेगाना |
|---|---|---|---|---|
| १ | नरेश बाबु श्रेष्ठ | कार्यालय प्रमुख | ९८५११४३६६६ | healthofficepyuthan@gmail.com |
| २ | मधु सुधन खड्का | बरिष्ठ खोप सुपरभाईजर अधिकृत | ९८५७८६००१० | healthofficepyuthan@gmail.com |
| ३ | पुस्कल प्रसाद श्रेष्ठ | जनस्वास्थ्य अधिकृत | ९८५७८४०७७७ | shresthapuskal@gmail.com |
| ४ | कोशलराज वैद्य | कोल्डचेन निरीक्षक | ९८५७८३३३६४ | koshal.baidya@gmail.com |
| ५ | कौशल बहादुर घर्ती | अधिकृत (लेखा) | ९८४७८५६२४१ | kaushalbahadurgharti@gmail.com |
| ६ | डोर बहादुर खड्का | ल्या. टेक्निसियन निरीक्षक | ९८४१३८५४०० | khadkadorbdr@gmail.com |
| ७ | सदिक्षा पोखेल | जनस्वास्थ्य अधिकृत | ९८४७२८५९४८ | sadiksha.pokhrel123@gmail.com |
| ८ | प्रभा ज्ञवाली | जनस्वास्थ्य अधिकृत | ९७४८७०४९५१ | Gyawaliprabha6@gmail.com |
| ९ | गणेश बिष्ट | स्टोर सहयोगी | ९८६८६१९७४९ | ganeshbista13@gmail.com |
| १० | बुद्ध बहादुर थापा | कार्यालय सहयोगी | ९८४७८६७९६३ | |
| ११ | यमराज भट्ट | हलुका सवारी चालक | ९८४७९८५८०४ | |
| १२ | सुर्य बहादुर सार्की | कार्यालय सहयोगी | ९७४४२४३९३३ | |

कार्यालय प्रमुख
नरेश बाबु श्रेष्ठ
मधुसुधन खड्का (सुचना अधिकारी)
बाल स्वास्थ्य/पोषण शाखा/विपद जन्य शाखा/टिवि एच.आइ.भि.
पुस्कल प्रसाद श्रेष्ठ
परिवार कल्याण स्वास्थ्य शाखा/खोप तथा कोल्डचेन शाखा/प्रशासन शाखा
कोशलराज बैद्य
आर्थिक प्रशासन शाखा
कौशल बहादुर घर्ति (बरिष्ठ लेखा अधिकृत)
किटजन्य तथा प्रयोगशाला शाखा
डोर बहादुर खड्का
भण्डार शाखा
गणेश विष्ट (स्टोर सहायक)

स्वास्थ्य संस्थाहरुको विवरण

स्थानीय तह अनुसार

स्वास्थ्य संस्थाको विवरण

यस जिल्लामा रहेको स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको विवरण निम्नानुसार रहेको छः-

| नपा/गापा | प्यूठान | स्वर्गद्धारी | माण्डवी | सरुमारानी | ऐरावती | मल्लरानी | झिमरुक | नौबहिनी | गौमुखी |
|---|---|---|---|---|---|---|---|---|---|
| अस्पतालको संख्या | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्राथमिक स्वास्थ्य केन्द्र | ० | १ | ० | ० | ० | १ | ० | ० | ० |
| स्वास्थ्य चौकी | ६ | ६ | ५ | ३ | ६ | ५ | ५ | ६ | ६ |
| आधारभूत स्वा.से.के. | ४ | २ | ० | ३ | ० | १ | ३ | २ | १ |
| शहरी स्वास्थ्य केन्द्र | २ | ४ | ० | ० | ० | १ | ० | ० | ० |
| सामुदायिक स्वा.ई. | ० | ० | ३ | ३ | ४ | १ | ० | ६ | ८ |
| आयुर्बेद औषधालय | १ | २ | १ | ० | ० | १ | १ | १ | १ |
| बर्थिङ्ग सेन्टर | ६ | ८ | ५ | ५ | ६ | ४ | ६ | ८ | ७ |
| प्रयोगशाला स्वास्थ्य संस्था संख्या | २ | १ | १ | ३ | ३ | २ | १ | १ | १ |
| खोप क्लिनिक संख्या | ४२ | ४१ | २५ | २४ | ३२ | १८ | २८ | ३१ | २८ |
| गाउँघर क्लिनिक संख्या | २४ | २९ | १५ | १३ | १८ | १६ | २० | २२ | १३ |
| म.स्वा.स्वयमसेविका संख्या | ६९ | ६३ | ४१ | ३४ | ४८ | ३५ | ४८ | ५४ | ५१ |

प्यूठान जिल्लामा हाल १ अस्पताल २ वटा प्राथमिक स्वास्थ्य केन्द्र ४६ वटा स्वास्थ्य चौकी १६ बटा आधारभूत स्वास्थ्य सेवा केन्द्र २५वटा सामुदायिक स्वास्थ्य इकाई ५ वटा शहरी स्वास्थ्य केन्द्र ८ वटा आयुर्वेद औषधालय रहेका छन । यसै गरि संस्थागत सुत्केरी सेवाको पहुँच बृद्धि गर्न ५५ वटा बर्थिङ्ग सेन्टर सञ्चालन गरि सेवा प्रबाहा भैरहेको छ । स्थानीय तहबाट १५ बटा स्वास्थ्य संस्थाबाट प्रयोगशाला सेवा सञ्चालन भएका छन् ।२६९वटा खोप क्लिनि र १७० गाउँघर क्लिनिक ४४३ सामुदायिक महिला स्वास्थ्य स्वयम सेविका मार्फत सेवा प्रदान भैरहेको छ ।

स्वास्थ्य संस्थाहरुमा विस्तारित सेवाहरुको विवरणः

स्थानीय तह अनुसार स्वास्थ्य संस्थाहरुमा विस्तारित सेवाहरुको विवरण

| नपा/गापा | प्यूठान | स्वर्गद्धारी | माण्डवी | सरुमारानी | ऐरावती | मल्लरानी | झिमरुक | नौबहिनी | गौमुखी |
|---|---|---|---|---|---|---|---|---|---|
| क्षयरोग डट्स सेन्टर | ७ | ९ | ५ | ५ | ६ | ६ | ८ | ८ | ८ |
| माइक्रोस्कोपिक सेन्टर | ३ | १ | १ | ३ | ३ | २ | १ | १ | १ |
| सुरक्षित गर्भपतन सेवा केन्द्र | ४ | ५ | २ | ३ | २ | २ | ३ | ३ | २ |
| आयुसिडि सेवा प्रदायक संस्था | ५ | २ | १ | ० | २ | २ | २ | १ | २ |
| ईम्प्लानट सेवा प्रदायक संस्था | ५ | ३ | ४ | ४ | २ | ३ | ३ | ७ | ३ |
| ५ वटा पनि अस्थायी सेवा प्रदान संस्था | ४ | २ | १ | ० | १ | २ | २ | ० | २ |
| किशोरकिशोरी मैत्री संस्था | ४ | ४ | १ | ३ | ६ | ३ | ५ | ६ | ७ |
| बहिरंग उपचार सेवा (OTC) | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| एम्वुलेन्स संख्या ( चालु अवस्था) | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| विपद् प्रतिकार्य समिति/टोली | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |

जिल्लामा ६२ वटा डट्स सेन्टर १६ वटा स्वास्थ्य संस्थमा माइक्रोस्कोपिक सेन्टर रहेका छन् । सुरक्षित मातृत्व सेवा सेवाका लागि ५५ वटा बर्थिङ्ग सेन्टर रहेका छन् । २७ वटा सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने स्वास्थ्य संस्था रहेका छन् ।त्यसै गरि ३४ वटा ईम्प्लान्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्था १४ वटा ५ प्रकारको परिवार नियोजन अस्थायी साधन सेवा प्रदान गर्ने संस्था रहेको छ र ३९ वटा किशोर किशोरी मैत्री स्वास्थ्य सेवा संस्थाहरु रहेका छन् ।जिल्लामा स्वास्थ्य संस्थाहरुद्धारा सञ्चालित एम्वुलेन्सको संख्या २५ रहेको मध्यबाट GPS जडान भएको एम्बुलेन्स संख्या २ वटा छ ।स्वास्थ्य संस्थाहरुमा पाँचै प्रकारका परिवार नियोजनका अस्थायी साधनबाट सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको संख्या Scale up गर्दै जाने लक्ष्य रहेको छ भने किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाको संख्या पनि प्रमाणिकरण गर्ने लक्ष्य रहेको छ ।

स्थानीय तहमा रहेको स्वास्थ्य सेवा प्रदान गर्न सञ्चालनमा रहेको संस्थाहरुबाट निःशुल्क सेवा प्रदान गरिदै आइरहेको छ ।सेवा प्रदायक ले सेवाग्राहीबाट कुनै शुल्क लिन पाउने छैन ।

निर्णय गर्ने अधिकारी निर्णय प्रकृया तोकिए बमोजिम हुन्छ र निर्णय गर्ने अधिकारीको रुपमा कार्यालय प्रमुख जिम्मेवारी हुने छ ।

निर्णय उपर उजुरी सुन्ने अधिकारी निर्णय उपर गुनासो सुन्ने कार्य प्रशासन शाखा प्रमुखले गर्नेछ ।

<u>कार्यालयले सम्पादन गरेका कार्यहरु २०८२ श्रावण देखि असोज मसान्त सम्मको विवरण</u>

| | |
|---|---|
| १ | स्वास्थ्य संस्थाहरुमा तथ्याङ्क सुधारका लागि अनसाईट कोचिङ्ग |
| २ | कोभिड १९ विरुद्धको खोप सेवा अभियान सञ्चालन |
| ३ | नियमित खोको रिफ्रेसर तालिम सञ्चालन |
| ४ | क्षयरोग कार्यक्रमको अनुगमन अनुशिक्षण मलेरीया केशको विरामी खोजपड्ताल |
| ५ | डेंगू स्क्रब टाइफस र जापनिज ईन्सेफ्लाइटिसको स्थानीयतहमा सचेतना कार्यक्रम सञ्चालन |
| ६ | स्थानीय तहको तथ्याङ्क भेरिफिकेशन तथा मासिक बैठक र जिल्ला स्तरमा बार्षिक समिक्षा |
| ७ | खोप कार्यक्रम तथा निशुल्क वितरका औषधीहरु स्थानीय तहमा वितरण |
| ८ | स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी सञ्चालन |
| ९ | पोषण सामाग्री ढुवानी तथा वितरण अनुगमन |
| १० | मासिक रुपमा जिल्लाका ६४ बडाबाट खोप तथा गाउँघर क्लिनिक सेवा सञ्चालन |
| ११ | स्थानीय तहमा जाँच गरिएका क्षयरोगका स्लाइडको गुणस्तर परीक्षण |
| १२ | जिल्लाका ६४ बडामा सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाको बैठक सञ्चालन |
| १३ | स्वास्थ्य व्यवस्थापन सम्बन्धी आधारभूत तालिम सञ्चालन |

कार्यालयले सम्पादन गरेका कार्यहरु २०८२ कार्तिक देखि पौष मसान्त सम्मको विवरण

| | |
|---|---|
| १ | आमाको दुध प्रतिष्ठापन आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु(विक्री वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ सम्बन्धी अभिमुखीकरण तालिम स्वास्थ्यकर्मी तथा फार्मेसीहरुलाई |
| २ | क्षयरोग कार्यक्रमको बार्षिक समिक्षा सञ्चालन |
| ३ | समुदायमा आधारित नवजात शिशु तथा बालरोग एकीकृत व्यवस्थापन तालिम सञ्चालन |
| ४ | समुदायमा आधारित नवजात शिशु तथा बालरोग एकीकृत व्यवस्थापनको बार्षिक समिक्षा सञ्चालन |
| ५ | स्तनपान परामर्शकर्ताको क्षमता अभिबृद्धि तालिम नर्सिङ्ग कर्मचारीहरुलाई |
| ६ | विद्यालयमा अध्ययनरत किशोरीहरुको रक्त अल्पता परीक्षण विद्यालयमा । |
| ७ | स्वास्थ्य कार्यालय प्यूठान आ.ब. ०७५।०७६ देखि आ.ब. ०८१।०८२ सम्म शुन्य बेरुजु गर्न सफल |
| ८ | HMIS तालिम |
| ९ | राष्ट्रिय भिटामिन ए कार्यक्रम |
| १० | सन्तानको रहर पुगी सकेका दम्पतीहरुकोलागि बन्ध्याकरण शिविर |
| ११ | एड्स दिवस |
| १२ | सामुदायिक महिला स्वास्थ्य स्वयम सेविका दिवस |
| १३ | खोप कार्यक्रमको माइक्रो प्लानिङ्ग |
| १४ | जिल्लाको सवै स्थानीय तहमा नियमित खोप कार्यक्रम सञ्चालन । |
| १५१ | प्रत्यक महिनामा पालिका स्वास्थ्य शाखा प्रमुख संग मासिक बैठक |
| १६ | गाउँघर क्लिनिक नियमित सञ्चालन |

कार्यालयले सम्पादन गरेका कार्यहरु २०८२ माघ देखि चैत्र मसान्त सम्मको विवरण

| | |
|---|---|
| १ | कक्षा ६ मा अध्ययन गर्ने किशोरी तथा विद्यालय बाहिर रहेका १० बर्षको किशोरीलाई HPV खोप कार्य |
| २ | नसर्ने रोगको समिक्षा तथा योजना तर्जुमा। |
| ३ | नसर्ने रोगको स्थानीय तहको स्वास्थ्य संस्थाबाट स्क्रिनिङ्ग अभियान |
| ४ | स्वास्थ्य कार्यक्रमको अर्धबार्षिक समिक्षा |
| ५ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको शिक्षकहरुलाई अभिमुखीकरण |
| ६ | कुपोषित बालबालिकाहरुको स्वास्थ्यकर्मीबाट खोजपड्ता कार्यक्रमका लागि अभिमुखीकरण |
| ७ | पोषण मैत्री स्वास्थ्य संस्था स्थापनाका लागि स्थानीय स्वास्थ्य शाखा कर्मचारीलाई अभिमुखीकरण |
| ८ | जिल्लामा सञ्चालनमा रहेको पोलिक्लिनिक दन्त क्रिनिक र स्वास्थ्य क्रिनिक अनुगमन तथा नविकरण |
| ९ | सुर्तिजन्य तथा लागू औषध नियन्त्रण तथा नियमनका लागि विद्यार्थी र जोखिममा रहेका व्यक्तिलाई अभिमुखीकरण |
| १० | विश्य क्षयरोग दिबस २०८२ धुबाङ स्वास्थ्य चौकीमा सम्पन्न |
| ११ | विश्व स्वास्थ्य दिवस २०८२ स्वास्थ्य कार्यालयको सभाहलमा सम्पन्न। |
| १२ | गौमुखी गापा अन्तर्गत नारिकोट अन्तर्गत खापाको पानी परीक्षण |
| १३ | स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी सञ्चालन |
| १४ | पोषण सामाग्री ढुवानी तथा वितरण अनुगमन |
| १५ | मासिक रुपमा जिल्लाका ६४ बडाबाट खोप तथा गाउँघर क्लिनिक सेवा सञ्चालन |
| १६ | स्थानीय तहमा जाँच गरिएका क्षयरोगका स्लाइडको गुणस्तर परीक्षण |
| १७ | जिल्लाका ६४ बडामा सामुदायिक महिला स्वास्थ्य स्वयम सेविकाको बैठक सञ्चालन |
| १८ | स्थानीय तहको तथ्याङ्क भरिफिकेशन तथा मासिक बैठक |
| | |

कार्यालय प्रमुख र सुचना अधिकारीको नाम र पद


कार्यालय प्रमुख
नामः नरेश बाबु श्रेष्ठ
पदः कार्यालय प्रमुख
सम्पर्क नः ९८५७८६००१०
ईमेलः healthofficepyuthan@gmail.com

सुचना अधिकारी
नामः मधुसुधन खड्का
पदः बरिष्ठ अधिकृत खोप
सम्पर्क नः ९८५७८६८०३५
ईमेलः healthofficepyuthan@gmail.com

ऐन नियम तथा निर्देशिकाहरु

संघीय स्वास्थ्य मन्त्रालय र प्रदेश स्वास्थ्य मन्त्रालयबाट यस आबका लागि जारी गरिएका कार्यक्रम सञ्चालन निर्देशिका

<u>आम्दानी खर्च र आर्थिक कारोबार विवरण</u>

वार्षिक स्वीकृत बजेट:

चालु तर्फ: ४०१६८०००।०

पूँजीगत तर्फ: ८००००।०

जम्मा: ४०२४८०००।०

<u>खर्च रकम:</u>

श्रावण देखि असोज मसान्त सम्म: ३५,३३,९०३।३०

कार्तिक देखि पौष मसान्तसम्म: ७४,७७,१६४।४०

माघ देखि चैत्र मसान्तसम्म: ९४०६६४८।७०

श्रावण देखि चैत्र मसान्त सम्म कूल खर्च रकम: २,०४,१७,७१६।४०

पूँजी तर्फ खर्च: ७८५००।०

राजश्व दाखिला: ३५,०००।०

वेव साइट: http://hopyuthan.gov.np

सार्वजनिक निकायमा परेको सुचना माग सम्वन्धी निवेदन र सो उपर सुचना दिएको विवरण:- नभएको ।

सार्वजनिक निकायका सुचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:- नभएको ।




आब २०७५/०७६ देखि आब २०८१/०८२ सम्म बेरुजु शुन्य भएको हुँदा कार्यालयलाई सम्मान



स्वास्थ्य मन्त्रालयबाट प्राप्त लक्ष्य निर्धारित समयमै पुरा गरेको हुँदा सम्मान पत्र

<u>कार्यालय प्रमुख र सुचना अधिकारीको नाम र पद</u>

<u>कार्यालय प्रमुख</u>

नाम: नरेश बाबु श्रेष्ठ

पद: कार्यालय प्रमुख

सम्पर्क न: ९८५७८६००१०

ईमेल: healthofficepyuthan@gmail.com

स्वास्थ्य कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय स्वास्थ्य कार्यालय प्युठान

<u>सुचना अधिकारी</u>

नाम: मधुसुधन खड्का

पद: वरिष्ठ अधिकृत खोप

सम्पर्क न: ९८५७८६८०३५

ईमेल: healthofficepyuthan@gmail.com